बैठक संख्या:-४-०७८/०७९

आज मिति २०७९ साल असार ७ गतेका दिन बागलुङ नगरपालिकाका नगर प्रमुख श्री वसन्त कुमार श्रेष्ठज्यूको अध्यक्षतामा बसेको बागलुङ नगरकार्यपालिकाको वैठकको उपस्थिती र निर्णय देहाय वमोजिम गरियो ।

| क्र स | दस्तखत | पद | नाम थर |
|---|---|---|---|
| १ | | नगर प्रमुख | श्री बसन्त कुमार श्रेष्ठ |
| २ | | नगर उप प्रमुख | श्री राजु खड्का |
| ३ | | वडा अध्यक्ष | श्री जय वहादुर के.सी. |
| ४ | | वडा अध्यक्ष | श्री सुरज वोसेल |
| ५ | | वडा अध्यक्ष | श्री सनी के.सी.(लक्ष्मण) |
| ६ | | वडा अध्यक्ष | श्री कुमार विक्रम क्षेत्री |
| ७ | | वडा अध्यक्ष | श्री हरि प्रसाद शर्मा |
| ८ | | वडा अध्यक्ष | श्री रुद्र वहादुर के.सी. |
| ९ | | वडा अध्यक्ष | श्री मेघनाथ गैरे शर्मा |
| १० | | वडा अध्यक्ष | श्री छम वहादुर कार्की |
| ११ | | वडा अध्यक्ष | श्री राजु थापा |
| १२ | | वडा अध्यक्ष | श्री तिल वहादुर थापा मगर |
| १३ | | वडा अध्यक्ष | श्री ज्ञानेन्द्र गौतम |
| १४ | | वडा अध्यक्ष | श्री कोपिला मणी शर्मा |
| १५ | | वडा अध्यक्ष | श्री नारायण शर्मा पौडेल |
| १६ | | वडा अध्यक्ष | श्री चक्र वहादुर के.सी |
| १७ | | कार्यपालिका सदस्य | श्री ज्योती के.सी (विष्ट) |
| १८ | | कार्यपालिका सदस्य | श्री सुनिता श्रेष्ठ |
| १९ | | कार्यपालिका सदस्य | श्री धन माया शर्मा |
| २० | | कार्यपालिका सदस्य | श्री टुका देवी शर्मा आचार्य |
| २१ | | कार्यपालिका सदस्य | श्री शान्ती वोसेल |
| २२ | | कार्यपालिका सदस्य | श्री सीता थापा |
| २३ | | कार्यपालिका सदस्य | श्री ढाका वहादुर परियार |
| २४ | | कार्यपालिका सदस्य | श्री चुरा वहादुर सुनार |
| २५ | | सदस्य सचिव | श्री पुरुषोत्तम सापकोटा |

| अन्य उपस्थिती | | |
|---|---|---|
| | | |

## निर्णय नं. १.

यस नगरपालिकाको एघारौ नगरसभा समक्ष निम्नानुसारका दस्तावेजहरु स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो ।

क) आ.व. २०७९।०८० को नीति तथा कार्यक्रम

ख) आर्थिक विधेयक २०७९

ग) विनियोजन विधेयक २०७९

घ) आ.व. २०७९।०८० को आय व्यय विवरण (बजेट)

ङ) त्रिवर्षिय खर्च प्रक्षेपण (मध्यमकालीन खर्च संरचना)

च) आयोजना बैंक

छ) गैह्र सरकारी संघ संस्थाको आ.व. २०७९।०८० को बजेट तथा कार्यक्रम

ज) लेखा समितिको प्रतिवेदन

झ) न्यायिक समितिको प्रतिवेदन

## निर्णय नं. २

सुरक्षित नागरिक आवास कार्यक्रम अर्न्तगत १६४ खरको छानो भएका घरहरुलाई विस्थापित गरी टिनको छानो बनाउने कार्यक्रम रहेकोमा हाल ६० घरलाई मात्र पुग्ने गरी बजेट प्राप्त भएकोले पहिलो चरणमा बागलुङ नगरपालिका वडा नं. ११ का ४४ घर र वडा नं. १० को १६ घर गरी जम्मा ६० घरहरुलाई रकम उपलब्ध गराउने र बाँकी खरका छाना भएका घरको लागी आगामी आ.व.को कार्यक्रममा सम्बोधन गर्ने निर्णय गरियो ।

## निर्णय नं. ३

बागलुङ नगरपालिका वडा नं. ३ स्थित खोलाखेत काभ्रे सडकको नाका खोल्ने काम अधुरो रहेको र तत्काल नाका नखोल्दा विपद्को कारण ठूलो क्षती हुने सम्भावना देखिएको भनी वडा कार्यालयबाट शिफारिस भै आएको तथा सम्वन्धित साईटको प्राविधिकबाट समेत प्रतिवेदन प्राप्त भएकोले विपद् व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी नाका खोल्न अनुमती प्रदान गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित